# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३८) काठमाडौं, माघ १७ गते २०४५ साल (संख्या ४१

## भाग ३

श्री ५ को सरकार

### सञ्चार मन्त्रालयको सूचना

**धनादेश (पहिलो संशोधन) नियमावली, २०४५**

धनादेश नियमावली, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, हुलाक ऐन, २०१९ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो नियमहरूको नाम "धनादेश (पहिलो संशोधन) नियमावली, २०४५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. धनादेश नियमावली, २०३१ को नियम २ मा संशोधन: धनादेश नियमावली, २०३१ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ :–

(घ) "कोष" भन्नाले धनादेश सञ्चालन कोष सम्झनुपर्छ ।

397

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम २ पछि नियमहरू थप : मूल नियमावलीको नियम २ पछि देहायका नियम २ क, २ ख, २ ग र २ घ थपिएका छन् :–

२.क. धनादेश सञ्चालन कोषः (१) धनादेश भुक्तानी दिने प्रयोजनको लागि धनादेश सञ्चालन कोषको स्थापना गरिएको छ ।

(२) कोषमा देहायका रकमहरू रहनेछन् :–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम ।

(ख) आन्तरिक तथा वैदेशिक धनादेश कारोबारबाट प्राप्त रकम ।

२.ख. कोषको सञ्चालन : (१) कोषको रकम धनादेश भुक्तानी दिने काममा प्रयोग हुनेछ ।

(२) कोषमा रहने रकमहरू नेपाल राष्ट्र बैंकमा केन्द्रीय खाता खोली जम्मा गरिनेछ ।

(३) उपनियम (२) बमोजिमको कोषको केन्द्रीय खाता महानिर्देशक र धनादेश केन्द्रीय कार्यालयको प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(४) उपनियम (२) बमोजिम केन्द्रीय खाता खोली सकेपछि धनादेश भुक्तानी गर्ने हुलाक कार्यालयको लागि सम्बन्धित जिल्लामा नेपाल राष्ट्र बैंकको स्थानीय शाखामा वा अन्य कुनै बैंकमा कोषको नाममा छुट्टाछुट्टै खाता खोलिनेछ ।

(५) उपनियम (४) बमोजिमको खाता सम्बन्धित हुलाक कार्यालयको प्रमुख र लेखामा काम गर्ने वरिष्ठ कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(६) गत आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको मौज्दात रकम चालू आर्थिक वर्षको प्रारम्भमा कोषमा जिम्मेवारी सारिनेछ ।

२.ग. कोषको रकम अन्य कार्यमा खर्च गर्न नहुनेः कसैले कोषको कुनै रकम धनादेश भुक्तानी दिने कार्यमा बाहेक अन्य कार्यमा प्रयोग गर्न पाउनेछैन ।

२.घ. निरीक्षणः कोषको रकमको खर्चसम्बन्धी निरीक्षणको व्यवस्था हुलाक सेवा विभागले गर्नेछ ।

३९६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. मूल नियमावलीको नियम ४ मा संशोधनः मूल नियमावलीको नियम ४ को सट्टा देहायको नियम ४ राखिएको छः–

४. धनादेशवापत कमिशनः धनादेशवापत लाग्ने कमिशनको दर श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएबमोजिम हुनेछ ।

५. मूल नियमावलीको नियम १३ मा संशोधनः मूल नियमावलीको नियम १३ को प्रतिवन्धात्मक वाक्यांशमा रहेको "धरौटीमा राखिनेछ" भन्ने शब्दहरूको सट्टा "लिन सक्नेछ" भन्ने शब्दहरू राखिएका छन् ।

६. मूल नियमावलीको नियम १४ मा संशोधनः मूल नियमावलीको नियम १४ को–

(१) उपनियम (१) मा रहेको "र त्यस्तो रद्द धनादेशको रकम केन्द्रीय हुलाक कार्यालयमा धरौटीमा राखिनेछ" भन्ने शब्दहरू झिकिएका छन् ।

(२) उपनियम (२) मा रहेको "सर्वसञ्चित" भन्ने शब्दको सट्टा "धनादेश" भन्ने शब्द राखिएको छ ।

७. मूल नियमावलीमा नियम १५ क. थपः मूल नियमावलीको नियम १५ पछि देहायको नियम १५ क. थपिएको छः–

१५ क. लेखा र लेखापरीक्षणः (१) कोषको आय-व्ययको लेखा महालेखा परीक्षकद्वारा निर्धारित ढाँचामा राखिनेछ ।

(२) कोषको यथार्थ हिसाब तयार गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महीनाभित्र केन्द्रीय धनादेश कार्यालयका प्रमुखले महालेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्नेछ ।

(३) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(४) लेखासम्बन्धी अन्य कार्यविधि प्रचलित कानूनबमोजिम हुनेछ ।

आज्ञाले,
विष्णुप्रताप शाह
श्री ५ को सरकारको सचिव



396

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।